घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स : ०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np

प.सं.: २०७९/०८०
च.नं.: 3602

मितिः २०७९/१२/१७

**विषय : सुझाव कार्यान्वयन सम्बन्धमा ।**

श्री महाशाखा/शाखाहरु सबै, घोराही उपमहानगरपालिका कार्यालय दाङ ।

श्री वडा कार्यालयहरु सबै, घोराही उपमहानगरपालिका दाङ ।

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७९।१२।१३ प.सं. २०७९।०८० च.नं. ३२४ को पत्र साथ अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगाल काठमाडौंको मिति २०७९।१२।०८ प.सं. ४/सुमन/०७९/०८० च.नं. ४३७०४ को पत्रमा संघ, प्रदेश र स्थानीय तहका निर्वाचित पदाधिकारीहरुले सार्वजनिक कार्यक्रममा सरकारी रकम खर्च गर्दा भड्किलो रुपमा नगरी मितव्ययीता अपनाई राज्य कोषको समुचित उपयोग गर्न आवश्यक कार्यविधि तथा मापदण्ड बनाई कार्यान्वयन गर्ने सुझाव कार्यान्वयनका लागि लेखि पठाउन आयोगको मिति २०७९।११।२१ मा निर्णय भएको व्यहोरा उल्लेख भई आएकोले सोही बमोजिम गर्न गराउनुहुन अनुरोध छ ।

**सादर अवगतार्थ**

श्री नगर प्रमुखज्यू, घोराही उपमहानगरपालिका ।

श्री नगर उपप्रमुखज्यू, घोराही उपमहानगरपालिका ।

.....................................

भोजराज घिमिरे

प्रमुख प्रशासकीय अधिकृत

भोजराज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौं ।

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सूचना तथा प्रविधि शाखा

सिंहदरबार, काठमाडौं

प.सं.: २०७९/८०

च.नं.: ३२४

मितिः- २०७९ चैत्र १३ गते

विषयः सुझाव कार्यान्वयन सम्बन्धमा ।

श्री स्थानीय तहहरु — सवै ।

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.सं. ४ सुमन।०७९।८० मिति २०७९।१२।८ च.नं. ४३७०४ को पत्र यसै साथ संलग्न रहेको छ । पत्रानुसार आयोगको मिति २०७९।११।२१ को निर्णयानुसार "संघ, प्रदेश र स्थानीय तहका निर्वाचित पदाधिकारीहरुको सार्वजनिक कार्यक्रममा सरकारी खर्च गर्दा भड्किलो रुपमा नगरि मितव्ययिता अपनाई राज्य कोषको समुचित उपयोग गर्न आवश्यक कार्यविधि तथा मापदण्ड बनाई कार्यान्वयन गर्ने" भनी सुझाव प्राप्त भएकोले उक्त सुझाव कार्यान्वयन गर्न गराउनु हुन आदेशानुसार अनुरोध छ ।

घोराही उप-महानगरपालिका
दाङ
दर्ता नं. ५२५३
मिति ८०।१।१६

शेखर निधि पौड्याल
शाखा अधिकृत

वोधार्थः

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
टङ्गाल, काठमाडौं ।

श्री प्रशासन महाशाखा
जनप्रतिनिधि र तर्फ शाखालाई
जानकारी गराउने
८०।१।१६

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं

स्थानीय तह क्षमता बिकास महाशाखा
दर्ता नं. २१२
मिति: १२/१३

पत्र संख्या :- ४/सुमन/०६३/८०
चलानी नं. :- ४२६०४

मिति: २०७९/१२/०८

श्री सूचना तथा प्रविधि शाखा
१२/१३

विषयः सुझाव कार्यान्वयन सम्बन्धमा।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

अत्यन्त जरुरी गोप्य

यस आयोगमा दर्ता भएको उ.द.नं.C-७८७९-०४२०६९, मिति २०७९/०२/०९ को जिल्ला सप्तरी राजविराज नगरपालिकाको कार्यालयले जनप्रतिनिधिको पदस्थापना कार्यक्रममा अनुमानित २० (बिस) लाख रूपैया बिना कार्यदिश र मागफारम भरी मनपरी ढंगले खर्च गर्दैछ भन्ने समेत ब्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८(१)(ख) बमोजिम नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई देहाय बमोजिमको सुझाव कार्यान्वयनका लागि लेखि पठाई प्रस्तुत उजुरीलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १९ (१२) बमोजिम तामेलीमा राख्ने आयोगको मिति २०७९/११/२१ मा निर्णय भएको व्यहोरा अनुरोध छ।

## सुझाव

"संघ, प्रदेश र स्थानिय तहका निर्वाचित पदाधिकारीहरूले सार्वजनिक कार्यक्रममा सरकारी रकम खर्च गर्दा भड्किलो रूपमा नगरि मितब्ययिता अपनाई राज्य कोषको समुचित उपयोग गर्न आवश्यक कार्यविधि तथा मापदण्ड बनाई कार्यन्वयन गर्ने"

बोधार्थ

क) महाशाखा नं.१०, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं।

१२/२०७९

सुमन घिताल
उपसचिव